# मुस्ताङ जिल्लाको परिचय

विश्वमान चित्रमा २८° ३३'५१" देखि २९° १९'५२" उत्तरी अक्षाँश र ८३° २८'५४" देखि ८४° १४'५८" पूर्वी देशान्तरको पूर्वमा मनाङ पश्चिममा डोल्पा, दक्षिणमा म्याग्दी जिल्ला र  उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बतको बिचमा समुन्द्र सतहबाट न्युनतम १,६४० मिटर उचाईमा रहेको कुञ्जो गा.वि.स अन्तर्गत पहिरो थाप्लो मुनी कोप्चेपानी नजिकको स्थान हो भने सबैभन्दा अग्लो भाग धौलागिरी हिमाल ८१६७ मिटर हो । यस मुस्ताङ जिल्ला नेपालको पूर्व प्रशासनिक विभाजन अनुसार पश्चिमाञ्चल विकास क्षेत्रको जिल्ला हो । हालको नयाँ संरचना अनुसार गण्डकी प्रदेशको हिमाली जिल्ला मध्ये एक जिल्लाको रुपमा रहेको छ । सिमाङ्कन अनुसार यस जिल्लालाई लोमान्थाङ, लो घेकर दामोडरकुण्ड , वारागुड. मुक्तिक्षेत्र, घरपझोङ र थासाङ गरी ५ गाँउपालिकामा विभाजन गरिएको छ । मुस्ताङ जिल्लाको कुल क्षेत्रफल ३,५७३ वर्ग कि.मी.(केन्द्रीय तथ्याङ्क विभाग, २०६८) छ भने २०६८ को जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या १३४५२ रहेको छ । ३००० बर्ष अगाडीको पुरातात्विक उत्खननबाट यो जिल्ला नेपाल र तिब्बतको प्रमुख व्यापारिक नाका रहेको पुष्टि हुन्छ र यहाँ प्रशस्त औषधिय जडिबुटि पाइने हुनाले तिब्बती भाषामा मन् भनेको औषिधि र थाङ भनेको चउर हुने भएकोले यसलाई औषधिको चउर, मन्थाङ भन्दा मुस्ताङ रहन गएको जनश्रुति छ । विशाल अन्नपूर्ण हिमश्रृखलाको उत्तरी काखमा अवस्थित यो जिल्ला पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेको छ । विश्व पर्यटन बोर्डद्वारा मुस्ताङ विश्वकै तेस्रो पर्यटकीय गन्तव्यमा घोषित गरिनुले पनि यसको महत्व विश्वव्यापी भएको छ । अझै दामोदर कुण्ड, मुक्तिनाथ, कागबेनी जस्ता तीर्थस्थलहरुले यो जिल्ला विश्वभरमा बुद्ध र हिन्दु धर्मावलीहरुको आकर्षणको केन्द्र बनेको छ । विषेशगरी मुक्तिनाथ मन्दिरमा बौद्ध र हिन्दु धर्मावलीहरुको आर्कषणको केन्द्र बनेको छ । विषेश गरी मुक्तिनाथ मन्दिरमा बौद्ध र हिन्दु धर्मावलीहरुको समान आस्था हुनु धार्मिक सहिष्णुताको अनुपम उदाहरण मान्न सकिन्छ । जसले भिन्न धार्मिक आस्थाका विच शान्तिपूर्ण सहअस्तित्वको भावना उजागर गरेको छ र विगतको माओबादी जनआन्दोलनताका पनि कुनै पनि मानवीय क्षति नहुनुले मुस्ताङ जिल्ला शान्तिप्रिय जिल्लाको रुपमा प्रख्यात छ ।

केही प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु निम्न रहेका छन् ।

१. मुक्तिनाथ मन्दिर
२. दामोदरकुण्ड
३. कागबेनी
४. जोमसोम
५. छोसेर गुम्बा
६. लोमान्थाङ
७. कुछब गुम्बा
८. गुरुसाङ्गको (गुरुङ्ग स्याङ्गवो)
९. ठिनी, मार्फा, न्याउरीकोट, टुकुचे गाउँ
१०. टिटिताल, भुछुत्रोताल, सेकुम ताल, धुम्वा ताल

# जिल्लाको संक्षिप्त जानकारी

**जिल्लाको कुल जनसंख्या : १३४५२**
महिला संख्या : ६३५९
पुरुष संख्या : ७०९३
जिल्लाको कुल क्षेत्रफल : ३,५७३ वर्ग कि.मी. छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८)
FRA को प्रतिवेदन २०१७ अनुसार जिल्लाको कुल क्षेत्रफल ३५५६ वर्ग कि.मी.
साक्षरता : १००% (जिल्ला शिक्षा कार्यालय मुस्ताङको आर्थिक वर्ष २०७०/२०७१ मा पूर्ण साक्षरता जिल्ला घोषणा)
गरिबी सूचकांक : ३१.२% (Nepal Human Development Report, 2014)

**भौगोलिक विवरण :**
अवस्थिति
उत्तरी अक्षांश : २८°२०' देखि २९°०५'
पूर्वी देशान्तर : ८३°३०' देखि ८४°१५'

**उचाई**
न्युनतम : १३७२ मिटर (समुन्द्र सतह देखि)
अधिकतम : ८१६७ मिटर (धौलागिरी हिमाल)

**राजनैतिक विभाजन**
विकास क्षेत्र : पश्चिमाञ्चल विकास क्षेत्र
अञ्चल : धौलागिरि
अञ्चल सदरमुकाम : बागलुङ
जिल्ला सदरमुकाम : जोमसोम
गाउँपालिकाको संख्या : ५ वटा
निर्वाचन संख्या : (संघीय १, प्रादेशिक २)

**जिल्ला सिमाना**
पूर्व : मनाङ
पश्चिम : डोल्पा
दक्षिण : म्याग्दी
उत्तर : चीनको स्वशासित क्षेत्र तिब्बत

## मुस्ताङ जिल्लाका गाउँपालिकाहरुको विवरण

(गाउँपालिकाको क्षेत्रफल र वनको क्षेत्रफल FRA प्रतिवेदन २०१७ को आधारमा उल्लेख गरिएको छ। वन क्षेत्र अन्तर्गत कृषि क्षेत्रमा लगाइएको स्याउ वगैंचा, निजी वन जस्ता रुख विरुवाले ढाकिएको क्षेत्र समेत समेटिएको छ। )

**१) गाउँपालिकाको नाम :** घरपझोङ गाउँपालिका

**सामावेश भएका साविक गा.वि.स. हरुः** मार्फा, टुकुचे(८,९) र जोमसोम गा.वि.स.
**जनसंख्याः** ३,०२९ **क्षेत्रफलः** ३१६ वर्ग कि.मि
**वन क्षेत्र :** ५८ वर्ग कि.मि. (१८%)
**केन्द :** साविक जोमसोम गा.वि.स. को कार्यालय **वडा संख्याः** ५
**सिमानाः**
**पूर्वः** वाह्रगाउँ मुक्तिक्षेत्र गा.पा. र मनाङ **पश्चिमः** थासाङ गा.पा.
**उत्तरः** वाह्रगाउँ मुक्तिक्षेत्र गा.पा. **दक्षिणः** थासाङ गा.पा.,मनाङ र म्याग्दी जिल्ला

**वडा विभाजन**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा. हरु | साविक वडा नं | कैफियत |
|---|---|---|---|
| १ | मार्फा | ९ | |
| | टुकुचे | ८,९ | |
| २ | मार्फा | १-४ | |
| ३ | मार्फा | ५-८ | |
| ४ | जोमसोम | ५-८ | |
| ५ | जोमसोम | १-४,९ | |

**२) गाउँपालिकाको नामः** थासाङ गाउँपालिका

**सामावेश भएका साविक गा.वि.स. हरुः** टुकुचे(१-७), कोवाङ, लेते र कुन्जो गा.वि.स.
**जनसंख्याः** २,९२० **क्षेत्रफलः** २८९ वर्ग कि.मि.
**वन क्षेत्र :** १२१ वर्ग कि.मि. (४२%)
**केन्द्रः** साविक कोवाङ गा.वि.स. को कार्यालय **वडा संख्याः** ५
**सिमानाः**
**पूर्वः** घरपझोङ गा.पा. र म्याग्दी जिल्ला **पश्चिमः** म्याग्दी जिल्ला
**उत्तरः** वाह्रगाउँ मुक्तिक्षेत्र र घरपझोङ गा.पा. **दक्षिणः** म्याग्दी जिल्ला

**वडा विभाजन**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा. हरु | साविक वडा नं | कैफियत |
|---|---|---|---|
| १ | टुकुचे | १-७ | |
| २ | कोवाङ | १-९ | |
| ३ | लेते | ४-९ | |
| ४ | लेते | १-३ | |
| | कुन्जो | ९ | |
| ५ | कुन्जो | १-८ | |

३) **गाउँपालिकाको नामः** लो घेकर दामोदरकुण्ड  गाउँपालिका (दालोमे)

**सामावेश भएका साविक गा.वि.स. हरुः** चराङ, घमी र सुर्खाङ गा.वि.स.
**जनसंख्याः** १,४२३ **क्षेत्रफलः** १,३४५ वर्ग कि.मि
**वन क्षेत्र :** ५४ वर्ग कि.मि. (४%)
**केन्द्रः** साविक चराङ गा.वि.स. को कार्यालय **वडा संख्याः** ५

**सिमानाः**
**पूर्वः** मनाङ जिल्ला र चीन **पश्चिमः** डोल्पा जिल्ला
**उत्तरः** लोमन्थाङ गा.पा. **दक्षिणः** वाह्रगाउँ मुक्तिक्षेत्र गा.पा. र मनाङ जिल्ला

**वडा विभाजन**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा. हरु | साविक वडा नं | कैफियत |
|---|---|---|---|
| १ | चराङ | १-९ | |
| २ | घमी | ५-९ | |
| ३ | घमी | १-४ | |
| ४ | सुर्खाङ | १-६ | |
| ५ | सुर्खाङ | ७-९ | |

४) **गाउँपालिकाको नामः** लोमन्थाङ गाउँपालिका

**सामावेश भएका साविक गा.वि.स.हरुः** छोसेर, छोन्हुप र लोमन्थाङ गा.वि.स.
**जनसंख्याः** १,८९९ **क्षेत्रफलः** ७२३ वर्ग कि.मि.
**वन क्षेत्र :** २२ वर्ग कि.मि. (३%)
**केन्द्रः** साविक लोमन्थाङ गा.वि.स.को कार्यालय
**सिमाना :**
**पूर्वः** चीन **पश्चिमः** चीन
**उत्तरः** चीन **दक्षिणः** लो घेकर दामोदरकुण्ड गा.पा.

**वडा विभाजन**

| वडा नं | समावेश भएका साविक गा.वि.स/न.पा. हरु | साविक वडा नं | कैफियत |
|---|---|---|---|
| १ | छोसेर | १-४ | |
| २ | छोसेर | ५-९ | |
| ३ | छोन्हुप | १-४ | |
| ४ | छोन्हुप | ५-९ | |
| ५ | लोमन्थाङ | १-९ | |

५) **गाउँपालिकाको नामः** <u>वाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका</u>

**सामावेश भएका साविक गा.वि.स. हरुः** मुक्तिनाथ, झोङ, छुसाङ र कागवेनी गा.वि.स

**जनसंख्याः** २,३३० **क्षेत्रफलः** ८८४ वर्ग कि.मि.

**वन क्षेत्र :** ३० वर्ग कि.मि. (३%)

**केन्द्रः** साविक कागवेनी गा.वि.स. को कार्यालय **वडा संख्याः** ५

**सिमानाः**

**पूर्वः** दालोमे गा.पा. र मनाङ जिल्ला **पश्चिमः** डोल्पा र म्याग्दी जिल्ला

**उत्तरः** ल्हो घेकर दामोदरकुण्ड गा.पा. **दक्षिणः** घरपझोङ, थासाङ गा.पा. र मनाङ जिल्ला

**वडा विभाजन**

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा. हरु | साविक वडा नं | कैफियत |
|---|---|---|---|
| १ | मुक्तिनाथ | १-९ | |
| २ | झोङ | १-९ | |
| ३ | छुसाङ | १-९ | |
| ४ | कागवेनी | ६-९ | |
| ५ | कागवेनी | १-५ | |